# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०५।१८ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

मालपोत कार्यालय मनमैजु, काठमाडौंमा कार्यालय सहयोगी पाँचौं तहमा कार्यरत कान्छा भण्डारी र जग्गा कारोवारी ईश्वर के.सी.ले बैंक तथा वित्तिय संस्थाहरूबाट ऋण दिने प्रयोजनको लागि जग्गा रोक्का राख्न आउने व्यक्तिहरुसँग जग्गा रोक्का राख्न सहज गरिदिने भनी घुस रिसवत माग गर्ने गरेको गोप्य सूचनाको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग टङ्गालबाट खटिई गएको टोलीले निज कार्यालय सहयोगी (पाँचौं तह) कान्छा भण्डारी र जग्गा कारोवारी ईश्वर के.सी.बीच रु.३५,०००।– (अक्षरुपी पैंतीस हजार) घुस रकम लिनेदिने कार्य गरेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको क्रममा मालपोत कार्यालय मनमैजुका कार्यालय सहयोगी कान्छा भण्डारीले आफ्नो जिम्मेवारी र पदीय दायित्व समेतको ख्याल नगरी बदनियतपूर्वक जग्गा रोक्काको लागि सहज गरिदिने बहानामा घुस रिसवतवापत रू.३५,०००।—(पैंतीस हजार) लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको साथै अर्का आरोपित ईश्वर के.सी.ले कान्छा भण्डारीको लागि उक्त रकम उपलब्ध गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) को कसुर अपराध गरेको देखिंदा निजहरू कान्छा भण्डारी र ईश्वर के.सी.लाई बिगो रू.३५,०००।— (पैंतीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम सजाय हुनका साथै घुस/रिसवतवापत भनी उपलब्ध गराएको बरामद भई आएको रू.३५,०००।—(पैंतीस हजार) भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (२) बमोजिम जफत हुने मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**